# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# सोरु गाउँपालिका
# मुगु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
सोरु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मुगु ।

**कैफियत सहितको राय**

हामीले सोरु गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्ससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. सोरु गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.६ करोड ७५ लाख ५९ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ३४ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ८४ लाख ३९ हजार, नियमित गर्नुपर्ने रू. ९१ लाख ९३ हजार र पेश्की रू.१ करोड ६४ लाख ९० हजार रहेको छ । पालिकाको गतवर्ष रु.१६ करोड ४० लाख ५० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२३ करोड १६ लाख ९ हजार रहेको छ । सोरु गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. सोरु गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पंथी)
नायब महालेखापरीक्षक

**कार्यालय र स्थानः सोरु गाउँपालिका मुगु**

**आर्थिक कारोबारको स्थिती**

| | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | पशुराम उपाध्याय | २०७६।०४।१ | २०७६।०७।३१ | ६७५५८८६८.०० |
| | धान्ने बुढा | २०७६।०८।०१ | २०७७।०३।२८ | |
| | विरेन्द्र मल्ल | २०७७।०३।२९ | २०७७।०३।३१ | |
| लेखा प्रमुख | खगेन्द्र बुढा मगर | २०७६।०४।१ | २०७६।०७।२८ | |
| | धमेन्द्र शाही | २०७६।०७।२९ | २०७६।१०।३० | |
| | जेठ बहादुर बुढा | २०७६।११।१ | २०७८।३।३१ | |

आर्थिक वर्षः २०७६।७७

**स्थानीय संचित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।०७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि. नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | १८८९१४५०८ | |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ९३२७९१६२ | |
| | ख) बैंक | १२७५७७२१ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ९२०८० | | | ख) अफलाइन खर्च | ३१८७८०१५ | |
| | ख) राजस्व बाँडफाँड | ३९५२०३५२ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | ० | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ९०४००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १७८१३१००० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) विशेष अनुदान | ० | | ६ | **जनश्रमदान फिर्ता** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **कोष फिर्ता** | | |
| | क) वित्तिय समानीकरण अनुदान | १००५७००० | | ८ | **मौज्दात** | २९८०४३८६ | |
| | ख) सशर्त अनुदान | १३८००००० | | | क) बैंक मौज्दात | ० | |
| | ग) समपुरक अनुदान | ८०००००० | | | ख) नगद मौज्दात | ० | |
| | घ) विशेष अनुदान | ४०००००० | | ९ | **शसर्त अनुदान फिर्ता** | १२८८२०८२ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | १० | **गत बर्षको बढी अल्या** | | |
| ६ | **बहुक्षेत्रिय पोषण** | ५९९१०० | | ११ | **बहुक्षेत्रिय पोषण** | ५९९१०० | |
| ७ | **गरिबसँग विश्वेश्वर** | ६५२५०० | | १२ | **गरिबसँग विश्वेश्वर** | ६५२५०० | |
| ८ | **स्थानिय पुर्वाधार विकास सौभेदारी** | ३३६४५७४ | | १३ | **स्थानिय पुर्वाधार विकास साजेदारी** | ३३६४५७४ | |
| ९ | **राष्टपति महिला उत्थान कार्यत्रम** | ० | | १४ | **राष्टपति महिला उत्थान** | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यत्रम | | |
| १० | सामाजिक सुरक्षा | ५३७३०९०० | | १५ | सामाजिक सुरक्षा | ५३७३०९०० | |
| ११ | राष्टिय परिचय पत्र तथा पन्जिकरण विभाग पुजिगत | १९२२८९ | | १६ | राष्टिय परिचय पत्र तथा पन्जिकरण विभाग पुजिगत | १९२२८९ | |
| | राष्टिय परिचय पत्र तथा पन्जिकरण विभाग चालु | १२९४९८५ | | १७ | राष्टिय परिचय पत्र तथा पन्जिकरण विभाग चालु | १२९४९८५ | |
| १२ | अन्य | | | १८ | जनश्रमदान मौज्दात | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | ० | | १९ | धरौट मौज्दात | ८०२७९ | |
| | ख) सडक बोर्ड नेपाल | ० | | २० | कोष खाताको मौज्दात | | |
| | ग) पर्यटन बोर्ड नेपाल | ० | | | ० | | |
| | घ) एन एन एस डब्लु ए | ० | | | ० | | |
| १३ | विभिन्न कोषतर्फको आय | ० | | | ० | | |
| १४ | जनसहभागिता (नगद) | ० | | | ० | | |
| १५ | विषयगत निकायबाट प्राप्त | ० | | | ० | | |
| १६ | धरौटी आय | ८०२७९ | | | ० | | |
| १७ | लगानीको साँवा फिर्ता | ० | | | ० | | |
| १८ | अन्य विविध आय | ० | | | ० | | |
| | जम्मा | ४१६६७२७८० | | | जम्मा | ४१६६७२७८० | |

कार्यालयको नाम : सोरु गाउँपालिका, मुगु आ.व. २०७६।७७

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सोरु गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सोरु गाउँपालिकाको उद्देश्य रहेको छ । यस सोरु गाउँपालिका अन्तर्गत ११ वडा, ५६ सभा सदस्य, ३६५.८ वर्ग किलोमिटर क्षेत्रफल तथा १३ हजार जनसंख्या रहेको छ । | |
| | लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७८।०६।२० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| | **लेखापरिक्षणको क्रममा असुली : ०।००** | |
| | • <br>**त्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.११२०२४३० ले फरक देखिएको छ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.<br>सि. \| खाताको नाम \| श्रेस्ता अनुसार \| बैंक स्टेटमेण्ट अनुसार \| फरक \| फरक पर्नुको | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| नं. | | २०७७।३।३२ को बाँकी | २०७७।३।३२ को बाँकी | | कारण |
|---|---|---|---|---|---|
| १ | चालु खर्च खाता | ७२०११२१ | ० | ७२०११२१ | सचित खातामा रहेको |
| २ | आन्तरिक अनुदान | ४०२२७२ | ४०२२७२ | ० | |
| ३ | पुजिगत खर्च खाता | ४००१३०९ | 0 | ४००१३०९ | सचित खातामा रहेको |
| ४ | सचित कोष खाता | २३४४३९४१ | २३४४३९४१ | ० | |
| ५ | धरौटी कोष खाता | ८०२७९ | ८०२७९ | ० | |
| ६ | आन्तरिक राजस्व खाता | ९२०८० | ९२०८० | ० | |
| ७ | स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता | १७२४०२२ | १७२४०२२ | ० | |
| ८ | बाँडफाडबाट प्राप्त राजस्व खाता | ६३६०४४४.५७ | ६३६०४४४.५७ | ० | |
| | **जम्मा** | **४३३०५४६९** | **३२१०३०३९** | **११२०२४३०** | |

३. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४७ जनाको दरबन्दी रहेकोमा १९ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.८४५०८१४।०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ५. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री राज्यलक्ष्मी मल्ल बमले मिति २०७६।०३।१० गते रु.४१ करोड ६६ लाख ७२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।३०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ८. | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।०७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.४६१०००००।०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७६।७७) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । (व्यहोरा भएमा रकम खुलाई राख्ने) | |
| ९. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | चालु खर्चतर्फ | १८८९१४ | ५०७३८ | ६९२४६ | ६८९२८ | २९३७९ |
| | पूँजिगत खर्चतर्फ | १०३२७८ | १०३२६ | १७१८४ | ६५७६८ | २६०७४ |
| | जम्मा | २९२१९२ | ६१०६४ | ८६४३० | १३४६९६ | ५५४५३ |
| | प्रतिशत | १०० | २०.८९ | २९.५७ | ४६.०८ | १८.९७ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.२९ करोड २१ लाख ९२ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ६ करोड १० लाख ६४ हजार अर्थात २०.८९ प्रतिशत, दोश्रो चौमासिकमा रु.८ करोड ६४ लाख ३० हजार, अर्थात २९.५७ प्रतिशत र तेश्रो चौमासिकमा रु.१३ करोड ४६ लाख ६६ हजार, अर्थात ४६.०८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ५४ लाख ५३ हजार अर्थात १८.९७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १०. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | (table below) | |

| | | | | जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २६२५३ | १२२५३ | ५.६२ |
| २ | पूर्वाधार विकास | १५८८७४ | ६८४८६ | ३१.४१ |
| ३ | सामाजिक विकास | १५३६१४ | १२८५४२ | ५८.९६ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७५२६ | १७४६ | ०.८० |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९६१८१ | ६९७९ | ३.२० |
| | **जम्मा** | ४४२४४८ | २१८००६ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.९६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ०.८० प्रतिशत रहेको छ ।

११. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.९२०८०।०० राजस्व बाँडफाँड र अनुदानबाट रु.४१६५८०७००।०० समेत रु.४१६६७२७८०।०० आम्दानी भएकोमा चालु तर्फ रु. १८८९१४५०८।०० र पूँजिगत तर्फ रु.९३२७९१६२।०० र बित्तिय ब्यबस्था तर्फ रु .०।०० समेत रु.२८२१९३६३४।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।०३२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.८५०७६६६।०० खर्च भएको छ जुन आन्तरिक आयको १.०८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४५.३४ प्रतिशत चालु र २२.३९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **मुख्य कार्यक्रम संख्या** | ० | ० | ० | ० | ० |
| **सहायक कार्यक्रम संख्या** | २८४ | ० | ० | ० | २८४ |

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१३. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १४. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न कम्प्यूटर अपरेटर अनमि अहेव प्राविधिक सहायक रोजगार संयोजक रोजगार सहायक लगायत पदमा ५२ जना कर्मचारीहरु करारमा राखि रु.१५४८९२८०।०० खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न कम्प्यूटर अपरेटर अनमि अहेव प्राविधिक सहायक रोजगार संयोजक रोजगार सहायक लगायत पदमा पदमा २१ जना करार नियुक्ति गरी बर्षभरीमा रु.७६३८८४०।०० भुक्तानी गरेको अनियमित दिखएको रु. | ७६३८८४०।० |
| १५. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६. | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br>**वडा संख्या**: ११; **वड सचिवको दरबन्दी**: ११; **वडा सचिवको पदपूर्ति**: ७; **रिक्त वडा सचिव**: ४ | |
| १७. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br>**विवरण** / **जम्मा**<br>स्वीकृत घरनक्सा दर्ता पास: ० | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>३४५</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>७८</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१२</td></tr>
<tr><td>विवाह दर्ता</td><td>७९</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>१</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>१</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td><td></td></tr>
<tr><td>१८.</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>१२५</td><td>६७</td><td>७८</td><td>४१</td><td>९</td><td>३२०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.एक लाख देखि एक करोड सम्मका जम्मा ३२० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १२५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td></td><td>• कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१९.</td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, ३ वटा विद्येक, ३ कार्यविधि लगायत १० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले १० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेकोता पुर्णरुपमा कार्यान्वयन भएको देखिएन ।</td><td></td></tr>
<tr><td>२०.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउने जस्ता कार्य भएको</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विवरण पेश भएको छैन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |

२१. **पदाधिकारी सुविधा** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार कर्णाली प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिँदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.८५०७६६६.०० खर्च लेखेको देखिन्छ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ११ जना | कार्यपालिका सदस्य ५ जना | सभाका सदस्य ३८ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | १३२००० | ११२००० | ८८०००० | २००००० | ७६०००० | ८५०७६६६ |

२२. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.३८२८०००।०० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ११ जना | कार्यपालिका सदस्य ५ जना | सभाका सदस्य ३८ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ४७००० | ५६००० | ४८४००० | २२०००० | ६०८००० | १४१५००० |
| २ | यातायात खर्च | १३५००० | १२३००० | ६६०००० | ३००००० | ० | १२१८००० |
| ३ | टेलिफोन,मोबाइल | ७०००० | ६५००० | ६६०००० | ३००००० | ० | १०९५००० |
| | जम्मा | ३५२००० | २४४००० | १८०४०००० | ८२०००० | ६०८००० | ३८२८००० |

२३. **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.४९०००००।०० खर्च गरेको छ ।

२४. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.५०००००।०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नियन्त्रण गर्नुपर्दछ । | |
| | • **अनुदान फिर्ता, वितरण र उपयोग** | |
| २५. | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९३२७९१६२।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २६. | **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान चार पांग्रे सवारी साधन खरिदमा रु.३७५४०००।०० बजेटबाट खर्च गरेको छ । | |

| सि.नं | सवारी साधन | संख्या | रकम | खरिद मिति |
|---|---|---|---|---|
| १ | जिप | १ | ३७५४००० | २०७६।०६।१७ |
| | **जम्मा** | १ | ३७५४००० | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| २७. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६०००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.९२०८०।०० अर्थात अनुमान भन्दा ८५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २८. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| **२८२१९३६७०** | **९२०८०** | **०.०३२** |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा **०.०३२** प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>३०००००।००</td><td>०</td><td>०</td></tr>
<tr><td>घटना दर्ता</td><td>३०००००।००</td><td>०</td><td>०</td></tr>
<tr><td>व्यवसाय कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>अन्य शुल्क</td><td>०</td><td>९२०८०।००</td><td>१००।००</td></tr>
<tr><td>जम्मा</td><td>६०००००।००</td><td>९२०८०।००</td><td>१५।३४</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३१.</td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ११ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• आयकर एवं मू.अ.कर</td><td></td></tr>
<tr><td>३२.</td><td>आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।यस कार्यालयमा कार्यरत कर्मचारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी छुट</td><td>५५०५३।००</td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| कर्मचारीको नाम | बार्षिक आय | कट्टा गरेको रकम | खुद आय | कर योग्य आय | कट्टी गरेको | पारिश्रमिक कर |
|---|---|---|---|---|---|---|
| पुर्ण बहादुर सेजुवाल | ७६३६५८ | ११३७३६ | ५९९९२२ | ५९९९२२ | ५९४० | १३५५२ |
| भम बहादुर बुढा | ८९४१९४ | १८५९२८ | ७०८२६६ | ७०८२६६ | ७०८२ | २४५४१ |
| राज बहादुर शाही | ६८३९९८ | ० | ६८३९९८ | ६८३९९८ | ६८३९ | १६९६० |
| | | | | | जम्मा | ५५०५३ |

- **उपभोक्ता समिति मार्फत कार्य**

३३. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३४. **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३५. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ९।२०७६।७।८ | विसौमा देखि सिस्ने ओडार सडक | सडक निमार्ण | २३७५०००।०० | डोजर | २५१६७३०।०० |
| ३।२०७६।७।१७ | सोरुकोट फिल्ड निमार्ण उपभोक्ता समिति | फिल्ड निमार्ण | २६०४१४६।०० | डोजर | २४०००००।०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २३।२०७६।७।८ | कुलाँदर एम्ली सल्ला सडक | सडक निमार्ण | २४००००० | डोजर | २४०००००।०० |
| | | **जम्मा** | ७३७९१४६।०० | | ७३१६७३०।०० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३६. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३।२०७७।३।२ | नेर खोला जलविद्युत | जल विद्युत कार्य | २८८००००।०० |
| | | **जम्मा** | २८८००००।०० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**सशर्त कार्यक्रमतर्फ**

३७. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | मा.वि ४ | ४३ | ४३ | ३२ | १७३५ |
| २ | उ.मा.वि ३ | ५१ | ५१ | २९ | १२०५ |
| ३ | आ वि ३२ | ११७ | ११७ | ७९ | २१९१ |
| **जम्मा ३९ विद्यालय** | | **२११** | **२११** | **१४०** | **५१३१** |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

३८. **तलबी प्रतिबेदन** —शिक्षा सेवा ऐन, २०५० बमोजिम स्थानीय तह अन्र्तगतका शिक्षकहरुको बार्षिक तलबी प्रतिबेदन शिक्षक किताव खानाबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले यस स्थानीय तह का शिक्षकहरुको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । पालिकाले यस आ.ब.मा विभिन्न ४४ विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु.६७०३३२८७।०० तलब खर्च लेखेको पाइएकोले कुन कुन शिक्षकले के कति सेवा सुविधा एवं ग्रेड रकम पाउने हो यकिन गर्न सकिएन । अतः ऐनमा भएको व्यवस्था अनुरुपको तलबी प्रतिवेदन पारित गरेर मात्रै सोको आधारमा तलब खर्च लेख्नुपर्ने देखिन्छ ।

३९. **गत आवको शिक्षक तलब भत्ता भुक्तानीः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | राखुपर्ने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्षको २०७५।७६ मा पालिका भित्रका बिभिन्न विद्यालयलाई रु.१३१८५९६।०० छुट तलब भत्ता तथा दिवा खाजा वापत भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालयबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७६।७७) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अवस्थामा समेत उक्त रकम भुक्तानी गरेको छ । | |
| ४०. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.९२३२८४८।०० तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ४१. | **विद्यालय अनुदान र निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिम निकासा खर्च लेखेको छ । लेखा परिक्षणका समयमा विद्यार्थी संख्या तथा अन्य विवरण पेश नभएकाले विद्यार्थी संख्याको आधारमा दिने अनुदान निकाशा हरु एकिन गर्न नसकिएकाले यसरी गरिएको खर्च निकासा एकिन गरी प्रतिवेदन पेश हुनुपर्ने रु. | |

| गो.भौ./मिति | विद्यालयको नाम | कार्यक्रम | बढी भुक्तान रकम |
|---|---|---|---|
| ७।२०७६।६।१७ | विद्यालय तथा बालबिकास गरी २५ वटा लाई निकासा | दिवा खाजा कार्यक्रम | २७२१६०० |
| २७।२०७६।११।०५ | २७ विद्यालय लाई निकासा | पाठ्यपुस्तक अनुदान | ७३८२६५० |
| ५६।२०७७।२।३२ | ३१ विद्यालय लाई निकासा | छात्रवृत्ती वितरण कार्यक्रम | २०४४३०० |
| ६८।२०७७।३।९ | ३१ विद्यालयलाई | दिवा खाजा कार्यक्रम | २६०७६०० |
| ६७।२०७७।३।९ | ३१ विद्यालयलाई | शिक्षण सिकाई अनुदान निकासा | १०६५६०० |
| | | **जम्मा** | १५८२१७५० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४२. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.३८०००००।०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| ४२.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ४२.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ४२.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ४२.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ४२.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४३. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४० जनालाई रोजगारी उपलव्ध गराई बैक खाता नखोली श्रमिक खर्च रु.४२२६१७२.०० खर्च गरेको छ । लक्षित वर्गलाई ५ दिनदेखि २५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४४. | **१/२०७७।०३।३१** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।रोजगार संयोजक राज बहादुर शाही लाइ १२ गोटा खानेपानी, फिल्ड निर्माण, घेरवार, बाटो निर्माण लगायतका काम गरेवापत श्रमिकको ज्याला भुक्तानी गर्नका लागि रु.४२,२७,१७२।० भुक्तानी गरेको देखियो । श्रमिकको ज्याला भुक्तानी गर्दा बैङ्क खाता खोली बैङ्क खातामा पठाउनुपर्नेमा १२ गोटा कामको १२ उपभोक्ता समितिलाइ रु.३२,७५,४००।० भुक्तानी गरेको छ भने तीन समितिलाइ काम गरेको कार्य विलको फाँटवारी वेगर नै रु.९,५४,३१०।० भुक्तानी गरेकोले उक्त रकम नीजबाट असूल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ९५४३१०।०० |
| | **समानीकरण पूँजिगततर्फ** | |
| ४५. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु.३५०००००।०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ४६. | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ४७. | **डीपीआर खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| सोरुकोट लिब्रु सडक खण्ड | बुइल्ड लास्टिग इन्जिनिरिग कन्सल्टेन्सी प्रा लि | १०००००० | १०००००० | **पेश नभएको** |
| सुवापानी भिइ सडक सर्वे | मालिका हाइ स्पिड इन्जिनिरिग कन्सल्टेन्सी प्रा लि | ९९९८२४ | ९९९८२४ | **पेश नभएको** |
| कच्चेकोट गुरुयोजना | श्रीस्थान इन्जिनिरिग कन्सल्टेन्सी प्रा लि | ४६८६०० | ४६८६०० | **पेश नभएको** |
| दोमुख गुरुयोजना | मुभ इन्जिनिरिग कन्सल्टेन्सी प्रा लि | ४६८६०० | ४६८६०० | **पेश नभएको** |
| सेवा परामर्श | मुभ इन्जिनिरिग कन्सल्टेन्सी प्रा लि | ९९५००० | ९९५००० | **पेश नभएको** |
| मुगु कणाली ढुगा गिटि बालुवा उत्खलन आ इ इ सर्वे | मुनलाइट इन्जिनिरिग एण्ड रिर्सच कन्सल्टेन्सी प्रा लि | ९९४०० | ९९४०० | **पेश नभएको** |
| तातोपानी पुर्वाधार गुरुयोजना निर्माण | ग्रिन डिसिजन प्रा लि ( नन्दराज मल्ल) | ५००००० | ५००००० | **पेश नभएको** |

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | जम्माः | ५४२६४२४ | ५४२६४२४ | | |
| | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | | | | |
| | **समानीकरण चालुतर्फ** | | | | |
| ४८. | **बिल भरपाई नभएको -** अर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको गो.भौ.नं. र मितिमा बिल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा जिम्मेवार व्यक्ति तथा फर्मबाट असुल गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु. | | | | ४१८५१८२।० |

| गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ५२।२०७६।७।८ | तेजविक्रम मल्लको नेपाल कृषि विकास फार्म प्रालि कोहोलपुर ८ बाकेबाट खरिद भएको कागतीको १२५० थान, अनारका ८०० थान, केराका २५० थान विरुवा खरिद गरेको मा सोको वितरण भरपाई पेश नभएकोले वितरण प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नपर्ने रु | १०००००।०० |
| १४१।२०७६।११।५ | दलित बस्ती विकास कार्यक्रम संचालनका लागि जनता ट्रेडर्स श्रीनगर ५ मुगु बाट खरिद भएको जस्ता पाता २२२ थान १२०० का दरले मुल्य अभिबृद्धि कर सहित रु३०१७३२।०० को सम्बन्धित लक्षित वर्गलाई वितरण तथा हस्तान्तरण गरेको प्रमाण पेश नभएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ३०१७३२।०० |
| १५६।२०७६।११।६ | देहायका व्यक्तिहरुलाई बिल भरपाई वेगर भ्रमण खर्च भुक्तानी भएकाले सम्बन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने रु<br>लालु धामी ५४१७५<br>मणिचन्द्र कार्की १०६५०<br>कुवेर जंग शाही १८९००<br>नन्द बहादुर शाही ६५८० | १५५३०५।०० |
| १६४।२०७६।११।८ | संलग्न फाटबारीमा रु२४८४७२।०० को मात्र विल भरपाई पेश गरेको मा रु२५८०२३।०० भुक्तानी भएकाले बढी भुक्तानी भएको रकम रु३६५५१।०० असुल गरी दाखिला गर्नुपर्ने रु | ३६५५१।०० |
| १७९।२०७६।११।११ | दल बहादुर मल्ललाई वडा स्तरीय खेलकुदको खर्च रु१४६०००।०० को भुक्तानी मा रु१३६६०० को मात्र विलभरपाई पेश भएकाले बाकी रकम असुल गर्नुपर्ने रु | ९४००।०० |
| १८५।२०७६।११।१६ | मर्कन्टाईल कम्यूनिकेशन प्रालि लाई विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ३७५००।०० |
| १९०।२०७६।११।१६ | सोरु गाउँपालिकाको नाममा चेक काटी विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | २१९७९५।०० |
| १९३।२०७६।११।१६ | रारा टुर्डसलाई विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १००६५०।०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १९८।२०७६।११।१२ | सोरु गाउँपालिकाको नाममा चेक काटी विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ५४५०००।०० |
| २१२।२०७६।१२।२ | प्रकाश जैसीलाई सम्झौता तथा विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १०००००।०० |
| २६७।२०७७।१।९ | विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | २७३८८९।०० |
| २७१।२०७७।१।१ | डि भि ट्रेर्डसलाई विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १०००००।०० |
| २७९।२०७७।१।११ | डि भि ट्रेर्डसलाई विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १०००००।०० |
| ३०६।२०७७।२।२ | सोरु गाउँपालिकाको नाममा चेक काटी विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ३९७३८०।०० |
| ३०९।२०७७।२।२ | रारा ट्रर्डसलाई विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ९९०००।०० |
| २३७।२०७६।१२।१० | रारा कर्णाली अपसेट प्रेसलाई विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ४१२८००।०० |
| २४०।२०७६।१२।१० | ईन्टरसफ्ट आईटि ट्रेड बाट खरिद भएको सामाग्रीको दाखिला प्रतिवेदन पेश नभएको दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ९९२६०।०० |
| २४२।२०७६।१२।१० | अनुप अर्डर सप्लार्यसबाट खरिद भएको सामाग्रीको दाखिला प्रतिवेदन पेश नभएको दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १८६८००।०० |
| २४४।२०७६।१२।१० | दयालक्ष्मी मल्ललाई विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ३०००००।०० |
| २५२।२०७६।१२।२५ | सोरु गाउँपालिकाको नाममा चेक काटी विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | २१४१२०।०० |
| ८९।२०७७।३।३१ | पुर्ण बहादुर सेजुवालको कार्यक्रम खर्च विल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ९६०००।०० |
| ६१।२०७७।३।२ | तेज विक्रम मल्लको भकारो सुधार कार्यक्रमको मोर्डन आर्गो टेक्नोलोजीबाट खरिद भएको सामाग्रीको दाखिला प्रतिवेदन पेश नभएको दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | २०००००।०० |
| ६२।२०७७।३।२ | तेज विक्रम मल्लको भकारो सुधार कार्यक्रमको मोर्डन आर्गो टेक्नोलोजीबाट खरिद भएको सामाग्रीको दाखिला प्रतिवेदन पेश नभएको दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १०००००।०० |
| | **जम्मा** | ४१८५१८२।०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९. | **करकट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका संस्थालाई परामर्शबापत रकम भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले अग्रिम करकट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा, अग्रिम करकट्टी नगरि भुक्तानी गरेकोले, कर छुट भएको रकम सम्बन्धित संस्थाबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | ९४८००।०० |

| **भौ.नं/मिति** | **परामर्शदाताको नाम** | **प्रयोजन** | **भुक्तानी रकम** | **करकट्ट हुनुपर्ने रु** | **करकट्टी भएको रु** | **छुट कर** |
|---|---|---|---|---|---|---|

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|---|
| | ४३।२०७६।७।८ | रारा संचार सहकारी संस्था लि | कार्यक्रम संचालन | १००००० | १५००० | ० | १५००० | |
| | ६८।२०७६।८।३ | नेपाल पत्रकार महासंघ मुगु | विविध खर्च | १००००० | १५००० | ० | १५००० | |
| | १६८।२०७६।११।१६ | श्री कर्णाली रिसर्च फाउण्डेशन प्रालि | कार्यक्रम संचालन | १९२००० | २८००० | ० | २८००० | |
| | २८२।२०७६।११।२५ | नेपाल हृदयरोग निवारण प्रतिष्ठान मन्जन बहादुर शाही | जनचेतनामुलक कार्यक्रम | ४८००० | ७२०० | ० | ७२०० | |
| | २४४।२०७७।३।४ | महादेव कृषि सहकारी संस्था लि | जनचेतनामुलक कार्यक्रम | १९२००० | २८००० | ० | २८००० | |
| | | | **जम्मा** | ६३२००० | ९४८०० | ० | ९४८०० | |

| | | |
|---|---|---|
| ५०. | **भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५१. | **पदाधिकारीको दैनिक भ्रमण भत्ता** - कार्यालयले पदाधिकारीहरुलाई दैनिक भ्रमण भत्ता खर्च लेख्नु पुर्व भ्रमर्ण गर्ने उदेश्य स्पष्ट हुनु पर्दछ । भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरी कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमणको उपलब्धि सहितको प्रतिवेदन पेश गर्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार २० जना निर्वाचित पदाधिकारीहरुले रु१४९८४५२।०० भ्रमण खर्च लिएका छन् । भ्रमण खर्च गरेको खर्च सम्बन्धि केही फाँटवारी परिक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलब्धि मापन गर्न सकिने आधार समेत देखिएन । भ्रमण खर्चलाई आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले खर्चको दूरुपयोग हुने देखियो यस वर्ष गाउँपालिका अध्यक्ष उपाध्याक्ष वडा अध्याक्ष तथा सदस्यहरुले अनुगमनका नाममा रु१४९८४५२।०० दैनिक भ्रमण भत्ता खर्च लिएको देखियो । यस्तो खर्च गर्ने | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | परिपाटीमा नियन्त्रण हुनुपर्दछ । | |

| सिनं | पदाधिकारीको नाम पद | वार्षिक भ्रमण दिन | भ्रमण खर्च | भ्रमण उदेश्य |
|---|---|---|---|---|
| १. | लोक बहादुर शाही | ११३ | २८२८२५ | कार्यालयको कामकाजको लागी |
| २. | राज्यलक्ष्मी मल्ल | ५६ | २३५८४५ | कार्यालयको कामकाजको लागी |
| ३. | अकवर शाही | ६३ | ९४२५० | कार्यालयको कामकाजको लागी |
| ४. | धर्मराज जैसी | ४९ | ९२३४५ | कार्यालयको कामकाजको लागी |
| ५. | राजेन्द बुमि | ५६ | ८६२८५ | कार्यालयको कामकाजको लागी |
| ६. | लालु धामी | ६३ | १५१४९५ | कार्यालयको कामकाजको लागी |
| ७. | ऐन बहादुर शाही | ७० | १२५८९७ | कार्यालयको कामकाजको लागी |
| ८. | परुनाथ योगी | ३५ | ४९६२५ | कार्यालयको कामकाजको लागी |
| ९. | मिसिन्द शाही | ८४ | १४७९९२ | कार्यालयको कामकाजको लागी |
| १०. | मनपशाद भट्ट | ३५ | ५५८७५ | कार्यालयको कामकाजको लागी |
| ११. | कुवेरजंग शाही | १४ | २७११३ | कार्यालयको कामकाजको लागी |
| १२. | मनमता कामी कार्यपालिका सदस्य | १४ | २१८४० | कार्यालयको कामकाजको लागी |
| १३. | दलविर साकी कार्यपालिका सदस्य | १४ | १९२४० | कार्यालयको कामकाजको लागी |
| १४. | नन्दविर लुवार वडा सदस्य | ७ | १०००० | कार्यालयको कामकाजको लागी |
| १५. | रनविर धामी वडा सदस्य | १४ | १५०५० | कार्यालयको कामकाजको लागी |
| १६. | गोठे लावड वडा सदस्य | १४ | १५०५० | कार्यालयको कामकाजको लागी |
| १७. | असौजी बुमि वडा सदस्य | १४ | १५०५० | कार्यालयको कामकाजको लागी |
| १८. | विरेन्द मल्ल वडा सदस्य | १४ | २४५५० | कार्यालयको कामकाजको लागी |
| १९. | धनिछता बुढा कार्यपालिका सदस्य | १४ | १८७५० | कार्यालयको कामकाजको लागी |
| २०. | बल बहादुर शाही वडा सदस्य | ७ | ९३७५ | कार्यालयको कामकाजको लागी |
| | **जम्मा** | ७५० | १४९८४५२ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२. | **डोजर, लोडर, एक्साभेटर मर्मत :** पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.९५००००।०० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु.०।०० मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |

| सि.नं | मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|---|
| १ | डोजर | ० | ० | ० |
| २ | लोडर | ० | ० | ० |
| ३ | एम्बुलेन्स | १ | ९५००००।०० | ०।०० |
| **जम्मा** | | **१** | **९५००००।००** | **०।००** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **सामाजिक सुरक्षातर्फ** | |
| ५३. | **सामाजिक सुरक्षातर्फ बढी निकासा -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गर्नु पर्दछ । | |
| ५४. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । | |
| ५५. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ । | |
| ५६. | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनु पर्दछ । | |
| | **विपद् व्यवस्थापन** | |
| ५७. | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ८ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ५८. | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ५९. | विपद् व्यवस्थापन कोष - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.१७२४०००।०० आम्दानी भई रु.१७२४०००।०० खर्च गरी बाँकी नभएको देखिन्छ । | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६०.</td><td>वार्षिक प्रतिवेदन - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६१.</td><td>सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>६१.१.</td><td>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>पुजिंगत तर्फः</td><td></td></tr>
<tr><td>६२.</td><td>श्रेस्ता पेश नभएकोः लेखापरिक्षणको क्रममा देहायका शिर्षकको खर्च भएको श्रेस्ता पेश हुन नआएकोले श्रेस्ता पेश गरी लेखापरिक्षण गराउनुपर्ने रु.
<table>
<tr><th>वजेट उपशिर्षक</th><th>भौचर नं</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td>गाउँपालिका पूजिंगत</td><td>२१५ देखि २२२ सम्म</td><td>१२६१६०००।०</td><td>बैङ्क नगदी किताब बाट</td></tr>
<tr><td>गाउँपालिका पूजिंगत</td><td>२५६ देखि २८९ सम्म</td><td>३७८३४८६।०</td><td>बैङ्क नगदी किताब बाट</td></tr>
<tr><td>स्थानिय पूर्वाधार साझेदारी कार्यक्रम</td><td>आ वि विवरण बाट</td><td>३३६४५७४।०</td><td>आय व्यय बाट</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१,९७,६४,०६०।०</td><td></td></tr>
</table></td><td>१९७६४०६०।०</td></tr>
<tr><td>६३.</td><td>तारापानी वेली व्रिजः मुगु कर्णाली नदि माथि वेलिब्रिज निर्माण गर्न निर्माण व्यवसायी जलप/रविचक्र जेभिलाई रु.८४,००,०००।० पेश्कि दिएकोमा वेलिब्रिज निर्माण सम्बन्धि टेन्डर फाइल पेश भएन । साथै पेश्कि दिदा बैङ्क जमानतको प्रमाण समेत पेश हुन आएन । यसबाट बेलिब्रिज निर्माण सम्बन्धी कार्यको विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td></td><td>गाँउपालिका पुजिंगतः</td><td></td></tr>
<tr><td>६४.</td><td>सिधै कार्य गराएकोः सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्प्रर्धालाई सिमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली २०६३को दफा ८४ मा रु २० लाख सम्मको काम सिलबन्दी दरभाउपत्र बाट गराउनुपर्ने उल्लेख छ । पालिकाले वोलपत्र छल्ने उद्धेश्यले एकै स्थानको बाटो निर्माणको कार्यलाई पनि टुक्रा गरी निर्माण तथा मर्मत गरेको देखिएकोले नियम सम्मत नदेखिएको रु
<table>
<tr><th>भौ नं/मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>११/२०७६।०७।०८</td><td>कैलाश निर्माण सेवा</td><td>छापेखोला देखि रुमखोला सडक मर्मत</td><td>३,८०,०००।०</td></tr>
<tr><td>१५/२०७६।०७।०८</td><td>अम्सोबोट निर्माण सेवा</td><td>मुगु कर्णाली देखि सिप पहिरो बाटो मर्मत</td><td>३,८०,०००।०</td></tr>
<tr><td>१९/२०७६।०७।०८</td><td>सत्यराज कन्स्ट्रक्सन</td><td>सिपडाडाँ देखि कुलाहा सडक मर्मत</td><td>३,९५,४०६।०</td></tr>
<tr><td>२१/२०७६।०७।०८</td><td>वि.एम. निर्माण सेवा</td><td>सिपडाडाँ देखि कुलाहा सडक मर्मत</td><td>३,९८,९०५।०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१५,५४,३११।०</td></tr>
</table></td><td>१५५४३११।०</td></tr>
<tr><td>६५.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६)मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । सडक लगायत कार्य गर्ने उपभोक्ता समितिबाट यस नियमावलीको पालना भएको छैन । कार्यालयले पनि</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपभोक्तालाई रकम दिनुपुर्व सम्झौता अनुसार उपभोक्ताको योगदानको रकम कट्टा गरी रकम भुक्तानी दिनु पर्दछ ।उपभोक्ताले रकम भुक्तानी लिन पेश गरेका खर्च सम्बन्धी फाँटवारी परीक्षण गर्दा सडकको सफ्ट स्वायल, हार्ड स्वायल सफ्ट रक हार्ड रक कटिङ्ग गर्न मेशिन प्रयोग गरेको देखियो । भुक्तानी सम्बन्धी विल एवं कार्यसम्पन्न प्रतिवेदनमा मानिसले काम गरेको देखिदैन । मेशिनबाट काम गराउदा भुक्तानी लिएको रकम एवं भुक्तानी भन्दा वास्तविक खर्च कम लागेको देखिन्छ । सोही वास्तविक खर्चको आधारमा उपभोक्ताको २० प्रतिशत योगदान कट्टा गरी रकम भुक्तानी दिनुपर्नेमा उपभोक्ताको योगदान कट्टा नगरेको र कृतिम मष्टरोल तयार गरी देहाय अनुसार बढी भुक्तानी लिएकोमा खर्च प्रमाणित गर्ने कर्मचारी एवं नापी गर्ने प्राविधिक समेतलाई जिम्मेवार बनाई असुल उपर गर्नुपर्ने रु. | ३५६५१२४।०० |

| भौ नं/मिति | उपभोक्ता समितिको नाम | भुक्तानी | वास्तविक खर्च | उपभोक्ताको योगदान | वास्तविक दिनपर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १७/२०७६।०७।०८ | खोलिखोला सोरुकोट सडक निर्माण (गतवर्षको समेत) | ५१९७९९।० | ५४२९०६।० | १०८५८१।२० | ४३४३२४।८० | ८५४७४।० |
| ९/२०७६।०७।०८ | विसौना देखि सिस्ने आडार सम्म सडक निर्माण(गत वर्षको समेत) | २३७५०००।० | २५१६७३० | ५०३३४६।० | २०१३३८४।० | ३६१६१६।० |
| ५/२०७६।०७।०८ | तारापानी नुवाकोट सडक निर्माण | ९०००००।० | ९०००००।० | १८०००।० | ७२००००।० | १८००००।० |
| ३/२०७६।०७।०७ | सोरुकोट फिल्ड निर्माण (फिलिङ्ग र वाल समेत) | २६०४१४६।० | २७४१२०६।० | ५४८२४१।३० | २१९२९६४।८० | ४११९८१।० |
| २३/२०७६।०७।०८ | कुलाहाँ एक्ली सल्ला सडक निर्माण वडा नं ७ | २४०००००।० | २४०००००।० | ४८००००।० | १९२००००।० | ४८००००।० |
| ४८/२०७६।०८।२० | सोरुकोट धुपी सडक खण्ड निर्माण उपभोक्ता समिति २ नं वडा(गतवर्ष | २४३१५५३।० | १७८२०००।० | ३५६४००।० | १४२५६००।० | १००५९५३।० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समेत) | | | | | |
| ४७/२०७६।०८।२० | झिरझिर पानी खोचि खोला सडक | ६६००००।० | ६६००००।० | १३२०००।० | ५२८०००।० | १३२०००।० |
| ७२/२०७६।११।०६ | ९ नं वडा कार्यालय फिल्ड निर्माण | ६७२०००।० | ७०००००।० | १४००००।० | ५६००००।० | ११२०००।० |
| ६३/२०७६।११।०५ | धुपि सुवापानी भिइ सडक खण्ड निर्माण १ नं वडा(गतवर्ष को समेत) | २२८००००।० | २४०००००।० | ४८००००।० | १९२००००।० | ३६००००।० |
| ८६/२०७६।११।०८ | द्वारी डाँडा देखी कुलाँहा सम्म सडक निर्माण ६ नं वडा | ९०२५००।० | ९५००००।० | १९००००।० | ७६००००।० | १४२५००।० |
| ११३/२०७६।१२।०३ | जैसिवाडा देखि चौकी सम्म वाटो निर्माण उपभोक्ता समिति | ९६००००।० | १००००००।० | २०००००।० | ८०००००।० | १६००००।० |
| २४५/२०७७।०३।०४ | मालिका प्रा वि फिल्ड निर्माण वडा नं १ | ९०२४००।० | ९६००००।० | १९२०००।० | ७६८०००।० | १३४४००।० |
| **जम्मा** | | | | | | **३५,६५,१२४।०** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६६. | **१८०/२०७७।०१।१६** उपभोक्ताले तयार गरेको विल जाँच गरी खरिद बिल र अनुपात समेत निश्चय गरी रकम भुक्तानी दिनुपर्दछ । आँसिधारा सडक मर्मत उपभोक्ता समितिलाइ सडकमा ग्याविनको काम तथा मर्मत गरेवापत रु ४ लाख भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको कार्य विल सहितको फाँटवारीमा ग्याविन र ढुङ्गा भर्ने कामको अनुपात मिल्नु पर्दछ । कार्यविलमा ३*१*१ साइजको ४८ बक्स देखाएकोमा फिलिङ्गमा पनि ४८ घन मिटर नै देखियो । सोही आधारमा ग्याविन बक्स १६ वटा मात्रै हुनाले ३२ बढी बक्सको प्रतिबक्स रु.८,३२६।९६ ले हुने रु.२,६६,४६२।७२ उपभोक्तालाई बढी भुक्तानी भएकोले उपभोक्ताको अनुपातिक कट्टि गरी उपभोक्ता बाट असूल गर्नुपर्ने रु. | २६६४६२।७२ |
| ६७. | **१७२/२०७६।१२।१०** धुपि भिई सडक खण्डको काम गरे वापत निशान हिमाल जेभि लाई रु.१९,७२,५९४।० भुक्तानी दसएको छ । संलग्न भौचरमा रहेको ठेक्का बिल तथा कार्य सम्पन्न प्रतिवेदनमा रु.९१,५६,८५७।७८ कार्य भएको उल्लेख छ । सामान्यतया ठेक्का बिलमा अघिल्लो विलको जम्मा, यस विलको जम्मा गरी हाल सम्मको कार्य भएको विल तयार गर्नुपर्नेमा पूरै काम एकैपटक भएको | १९७२५९४।०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | विल उठाएको देखियो । साथै उक्त कामको ठेक्का फाइल पेश नभएको, गत वर्ष कति भुक्तानी दिएको छ, नापी किताब सहितको प्रमाण पेश नभएको हुदाँ यस सम्बन्धी प्रमाण पेश हुनुपर्ने रु. | |
| ६८. | **२३१/२०७७।०३।०२ र २३२/२०७७।०३।०२** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । प्रा.स. तेज विक्रम मल्लले रितु नर्सरी बाट प्रति स्याउको विरुवा रु.४० को दरले रु.१,९३,०००।०, प्याकेजिङ र ढुवानी रु.७६,८००।० समेत रु.२,७०,०००।० लिएको देखियो । नीजले उक्त स्याउको विरुवा वितरण गरेको अभिलेख पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्नें रु. | २७००००।०० |
| ६९. | **१८५/२०७७।०२।०२** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । रुमखोला लघु जलविद्युत उपभोक्ता समितिलाई जलविद्युत सम्बन्धी कामको लागी सम्झौता अनुसार भुक्तानी दिएको छ । रकम भुक्तानी सँग सम्बन्धित गोश्वार भौचरमा खर्च सम्बन्धित फाँटवारी नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु. | ६७२०००।०० |
| ७०. | **१८३/२०७७।०१।३१ काम वेगर रकम भुक्तानीः** सोरुकोट वृहत खानेपानी आयोजना उपभोक्ता समितिलाई खानेपानी पाईप लाइन खन्ने र पुर्ने कार्य गरे वापत रु.४३,२०,०००।० भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको कार्य विल सहितको फाँटवारीमा पाइपलाइन ७,४५२ घनमिटर (२०७०० मिटर) खन्ने र पुर्ने काम वापत रु.५६,७३,७६९।० को कार्य विल तयार गरी कार्यपालिकामा इन्जिनियर तथा प्रमुखले प्रमाणित गरी रकम भुक्तानी दिएको छ । यस सम्बन्धमा खानेपानी सिचाँइ तथा उर्जा विकास कार्यालयमा सोधपुछ गर्दा उक्त काम तहाँ कार्यालय बाटै हुने जानकारी प्राप्त भयो । तसर्थ पालिकाले कामै नगरेको कृतिम विल खडा गरी मानिसबाट काम गराएको डोर हाजिर बनाइ रु.४,३२०।० सामाजिक सुरक्षा कर समेत कट्टा गरी समितिको खातामा रु.४३,१५,६८०।० दिएको हुदाँ यस सम्बन्धमा पालिका प्रमुख लाई समेत जिम्मेवार बनाई असूल गर्नुपर्ने रु. | ४३१५६८०।०० |
| | **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमः** | |
| ७१. | **६/२०७७।०३।३१** उपभोक्तालाई सम्झौता अनुसार काम गरे नगरेको एकिन गरी रकम भुक्तानी दिनुपर्दछ । साथै उपभोक्ताले गर्ने काम अन्य संस्थाबाट गराउनु हुदैन । तर नियम विपरित कृषि सहकारी संस्था बाट काम गरेको देखियो । सिप स्याडा वाखा घर निर्माण र घेरवार गरे वापत जनसेवा कृषि सहकारी संस्था सोरु-०६ लाई रु २४ लाख भुक्तानी दिएको देखियो । सहकारी संस्थाले काम गरेवापत पेश गरेको कार्य विल, फाँटवारी एंवम फोटो समेत परीक्षण गरियो । सहकारीले पेश गरेको कार्य विलमा काठ, जस्ता पाता बाट बनाएको उल्लेख छ । तर फोटोमा आर सि सि गरी घर बनाउन पिलर उठाएको भवनको फोटो राखेको छ । फाँटवारी एंवम कार्यविल एक थरिको, फोटो अर्को थरिको भएको हुदाँ यसमा छानविन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु. | २४०००००।०० |
| ७२. | **३/२०७७।०३।१२** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १९३ मिति २०७६/७/८ को पत्र अनुसार कपास पकेट क्षेत्र तथा कपास प्रशोधन केन्द्र (पान नं ६१२२६०३१३) लाई रु.३३,६०,०००।० भुक्तानी दिएको छ । उक्त केन्द्रले सामान खरिद र भुक्तानी गरेको विल र विजक भएपनि समष्टिगत कामको सम्झौता अनुसार कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु. | ३३६००००।०० |
| ७३. | **पेश्की बाँकी :** आर्थिक वर्षको अन्तमा बाँकी रहेको देहाय अनुसारको पेश्की लेखापरीक्षण अवधी सम्म पनि असुल फछ्यौट नभएको हुँदा आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ७४ अनुसार असुल फछ्यौट हुनुपर्ने रु. | १६४९०४५१।० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | | |

| सि न | पेश्की कर्ताको नाम | पेश्की रकम | म्याद |
|---|---|---|---|
| १ | लोक बहादुर शाही | १००००० | म्याद नाघेको |
| २ | कर्ण बहादुर साँवत | २२०५००० | म्याद नाघेको |
| ३ | रारा संचार सहकारी सँस्था लिमिटेड | १००००० | म्याद नाघेको |
| ४ | पत्रकार संघ मुगु | १००००० | म्याद नाघेको |
| ५ | स्वास्थ चौकि खनाया | ५६००० | म्याद नाघेको |
| ६ | स्वास्थ चौकि नाथर्पु | ८१८०० | म्याद नाघेको |
| ७ | स्वास्थ चौकि रारा कच्चे | ४०००० | म्याद नाघेको |
| ८ | सोरु ततोपानी कृषि सहकारी सस्था लिमिटेड | ९००००० | म्याद नाघेको |
| ९ | भवानी मा वि पुरुमुरु | २००००० | म्याद नाघेको |
| १० | सारु गाँउपालिका मुगु | ४०००० | म्याद नाघेको |
| ११ | कोल्चेन भवन निमार्ण उ समिति | ३९०००० | म्याद नाघेको |
| १२ | सृजनशिल नर्सरी तथा कृषि फर्म | ४००००० | म्याद नाघेको |
| १३ | ग्रामि०ा समाज विकास नेपाल | १८०००० | म्याद नाघेको |
| १४ | कालिका निमार०ा ए०८ सप्लायर्स | ४४५५०० | म्याद नाघेको |
| १५ | जो६े९ुगा नचारा सिचाइ ध्याकि निमार०ा | १६५००० | म्याद नाघेको |
| १६ | स्वास्थ कार्यलय फिल्ड निमार०ा | १६५००० | म्याद नाघेको |
| १७ | धक्केधार खा पा मर्मत | ७५९०० | म्याद नाघेको |
| १८ | मष्६ा मन्दिर उस | ४३५६० | म्याद नाघेको |
| १९ | नेर गाँउदेखि ५ेता सम्म गोरे६ो बा६ो निमार०ा | २१४५०० | म्याद नाघेको |
| २० | व८ा कार्यलय ३ेरवार | १६०००० | म्याद नाघेको |
| २१ | तल्लो कुलो निमार०ा | १६५००० | म्याद नाघेको |
| २२ | खो प केन्द्र को७ा आ र सि सि | ६०००० | म्याद नाघेको |
| २३ | बुम्च सामुदायिक झो पु उस | ६६८२५१ | म्याद नाघेको |
| २४ | म८ेनी खोला झा पु | ५७०००० | म्याद नाघेको |
| २५ | सि८्८ी गाँउदेखि सि८्८ी सम्म बा६ो निमार०ा | १३२००० | म्याद नाघेको |
| २६ | कुलानी मष्६ा मन्दिर | ८८४४० | म्याद नाघेको |
| २७ | म८ेनी धर्मशाला निमार०ा | ६६००० | म्याद नाघेको |
| २८ | धवलपुरा मन्दिर निमार०ा | ६६००० | म्याद नाघेको |
| २९ | लाच्या खा पा मर्मत | ६६००० | म्याद नाघेको |
| ३० | खनायाबा६ो निमार०ा | २६४००० | म्याद नाघेको |
| ३१ | महिला उत्थान कार्यक्रम | ८२५०० | म्याद नाघेको |
| ३२ | विजय मन्दिर निमा०ा | १३२००० | म्याद नाघेको |
| ३३ | केरा खेति निमार०ा | ६६००० | म्याद नाघेको |
| ३४ | आल्या बा६ो मिमार०ा | ६६००० | म्याद नाघेको |
| ३५ | श्री जनज्योति मा वि फिल्ड निमार०ा | २६४००० | म्याद नाघेको |
| ३६ | गूल्म ल३ु जलविधुत | १२२१००० | म्याद नाघेको |
| ३७ | कल्या८ी देखि उतिस पानी बा६ो | २८८००० | म्याद नाघेको |
| ३८ | सर्किमाइ स्याउ फारम ३ेरवार | ६६००० | म्याद नाघेको |
| ३९ | फोतुखोला देखी लामाकाँ३ सम्म सिचाइ कुलो निमार०ा | ९९००० | म्याद नाघेको |
| ४० | सोरुकौ६ सार्वजानिक शौचालय निमार०ा | १६५००० | म्याद नाघेको |
| ४१ | दलितवा८ा कु६ानी पिसानी मिल | २००००० | म्याद नाघेको |
| ४२ | थालगैरी खा पा मर्मत | ९९००० | म्याद नाघेको |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | ४३ | कालै खानेपानी तथा सरसफाइ उ स | २३१००० | म्याद नाघेको | |
| | ४४ | नेर गाँउदेखि नेरा ३ाद सम्म बाद्ो निमार्ाृ | ३३०००० | म्याद नाघेको | |
| | ४५ | तेज विक्रम मल्ल | ३००००० | म्याद नाघेको | |
| | ४६ | चन्द दमाइ नेपाली | ६८५००० | म्याद नाघेको | |
| | ४७ | राजदेवी शाही | २७००० | म्याद नाघेको | |
| | ४८ | पुर्ा बहादुर सेजुवाल | ५५८००० | म्याद नाघेको | |
| | ४९ | धन बहादुर विद्ालु | ५००००० | म्याद नाघेको | |
| | ५० | इशवर बहादुर सिह | ५३०००० | म्याद नाघेको | |
| | ५१ | धनकर्ा मल्ल | १००००० | म्याद नाघेको | |
| | ५२ | उमेर बुमी | १५०००० | म्याद नाघेको | |
| | ५३ | हिक्मत बहादुर मल्ल | १५०००० | म्याद नाघेको | |
| | ५४ | धनका ५त्याल | ३३००० | म्याद नाघेको | |
| | ५५ | मनोज धामी | ४८००० | म्याद नाघेको | |
| | ५६ | दत्त बहादुर मल्ल | ३००००० | म्याद नाघेको | |
| | ५७ | निर्माया शाही | ६०००० | म्याद नाघेको | |
| | ५८ | ी ान बहादुर शाही | २००००० | म्याद नाघेको | |
| | ५९ | असल बम | २००००० | म्याद नाघेको | |
| | ६० | भम बहादुर बुढा | ५८२००० | म्याद नाघेको | |
| | ६१ | प्रकाशा जैसि | १००००० | म्याद नाघेको | |
| | ६२ | प्रकाश मल्ल | **४५००००** | म्याद नाघेको | |
| | | जम्मा | **१६४९०४५१** | | |
| | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | | | | |

सोरु गाउँपालिका, मुगुको

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७६।७७

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५७ | १६ | ६७५५९ | ० | ० | ० | ५७ | १६ | ६७५५९ | १३४३७ | ९१९३ | २८४३९ | ० | ० | ३७६३२ | १६४९० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७६।७७

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मुगु | १६४०५० | ० | ० | १६४०५० | ० | ६७५५९ | २३१६०९ |